# प्रदेश लोक सेवा आयोग,मधेश प्रदेशको

## प्रतिक चिन्ह (लोगो) डिजाइन सम्बन्धी सूचना ।

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/०५/१४**

यस आयोगको प्रतिक चिन्ह (लोगो) निर्माण गरि प्रयोगमा ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाउने गरी आयोगको मिति २०८१/०५/१४ गते को निर्णय बमोजिम लोगो निर्माणको लागि यो सूचना प्रकाशन गरिएको छ । खुला प्रतिस्पर्धात्मक विधिबाट लोगोको छनौट गरिने र छनौट हुने लोगोका डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु. ४००००/- (कर सहित )(अक्षेरुपी चालिस हजार मात्र) र प्रमाण पत्र प्रदान गरिने भएकोले ईच्छुक व्यक्तिहरुलाई आफुले देहाय बमोजिमको शर्तहरुको पालना गर्दै निर्माण गरेको प्रतिक चिन्ह (लोगो) र पेश गर्नु पर्ने भनि तोकिएका कागजातहरु सूचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा यस आयोगको कार्यालय जनकपुरधाममा पेश गर्न वा info.ppsc@p2.gov.np मा पठाउनु हुन यसै सूचना मार्फत आह्वान गरिन्छ ।

**शर्तहरुः-**

१. मधेश प्रदेशको चिनारी झल्कने कुनै सांकेतिक चिन्हको प्रयोग गरेको हुनु पर्नेछ,

२. प्रतिक चिन्ह (लोगो) अधिकतम तिन (३) से.मी. व्यास भएको हुनु पर्नेछ ,

३. ज्ञानको संकेत गर्ने चिन्हको प्रयोग गरेको हुनु पर्नेछ,

४. लोक सेवा आयोगको मूल मर्म (योग्यता,निश्पक्षता,स्वच्छता र समावेशिता) आत्मसाथ हुने गरि लोगोको डिजाइन गरेको हुनु पर्नेछ,

५. प्रदेश लोक सेवा आयोगको कार्य प्रकृति अनुरुपको लोगो निर्माण भएको हुनु पर्नेछ,

६. लोगो कलात्मक र मापन योग्य (Scalable) हुनु पर्नेछ,

७. छनौट भएको लोगोको सम्पूर्ण अधिकार यस आयोगको हुनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाईने छैन,

८. प्रतिक चिन्ह (लोगो) छनौट गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस आयोगमा निहित रहनेछ,

९. मूल्याङ्कन समितिबाट परिमार्जन सुझाव आएमा परिमार्जित डिजाइन स्वीकृत गर्न सकिनेछ,

१०. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगतै कार्यालय खुलेको दिनमा कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिनेछ । म्याद नाघी आएका वा रित पुर्वक नआएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

**प्रतिक चिन्ह (लोगो) को प्रस्तावदाताले प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरुः**

१. रंगिन र श्यामश्वेत एक/एक प्रति A4 कागजमा गरिएको प्रिन्ट पाना,

२. पेन ड्राईभमा वा आयोगको माथि उल्लेखित ईमेल ठेगानामा डिजाइनको Soft copy,

३. नेपालि नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि,

४. मौलिक सिर्जना हो कसैको नक्कल गरेको होईन भन्ने स्व-घोषणा,

५. डिजाइनकर्ताले प्रयोग गरेका चिन्ह,रंग,आकार र अक्षर प्रयोग गर्नुको कारण खुलाईएको व्याख्यात्मक विवरण ।

थप जानकारीका लागि सम्पर्कः

प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम ।

सम्पर्क Email: info.ppsc@p2.gov.np, Website: ppsc.p2.gov.np

सम्पर्क नं. ०४१-५९०२४७, ५९०२५३